केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१०/०८२/८३

मिति : २०८२/०६/३१

## सूचना

**इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरु तथा पुर्वाधार विकास बैंक,**

इजाजतपत्रप्राप्त संस्थाको लेखानीति बमोजिम आ.व. २०८२/८३ को पहिलो त्रयमासमा प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको ब्याज आम्दानी मध्ये २०८२ कात्तिक १५ गतेभित्र प्राप्त भएको ब्याज रकम बाहेक अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित व्यवस्थाअनुसारको आयकर तथा कर्मचारी बोनस तथा बैधानिक कोष (साधारण जगेडा कोष र संस्थागत सामाजिक उत्तरदायित्व कोष) मा जम्मा गरेको रकम कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नुपर्नेछ ।

साथै, इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था तथा पूर्वाधार विकास बैंकले यस बैंकमा पठाउनुपर्ने मासिक र त्रैमासिक विवरण तथा प्रकाशन गर्नुपर्ने अन्तरिम वित्तीय प्रतिवेदन आ.व. २०८२/८३ को पहिलो त्रयमासको हकमा यस बैंकमा पठाउन एवं अन्तरिम वित्तीय प्रतिवेदन प्रकाशन गर्न २०८२ कात्तिक २१ गतेसम्म समयावधि थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

भवदीय,

का.मु. कार्यकारी निर्देशक